"समृद्ध खाँदबारी नगर"

खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल

नगर कार्यपालिकाको बैठक

बैठक सङ्ख्याः७३-०८२।०८३
बैठक मितिः२०८३।०३।२३ बिहान ८:०० बजे
स्थानः खाँदबारी नगरपालिकाको सभा हल

आजको नगर कार्यपालिकाको बैठकको कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरू सर्वसम्मत रूपमा पारित गरेको छ ।

प्रस्तावहरुः

१. गत कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।
२. वडा नं. ५ छ्याङ्खोला खानेपानी शहिद पार्कसम्म व्यवस्थापन योजनाको निरीक्षण समिति गठन गर्ने सम्बन्धमा।
३. सवारी साधन मर्मत बापतको भुक्तानी अनुमोदन सम्बन्धमा।
४. तह वृद्धि सिफारिस समिति गठन सम्बन्धमा।
५. स्थानीय पूर्वाधार विकास आयोजना, इटहरीलाई सिफारिस गर्ने सम्बन्धमा।
६. सघन शहरी तथा भवन निर्माण आयोजना, धनकुटालाई सिफारिस गर्ने सम्बन्धमा।

निर्णयहरूः

१. खाँदबारी नगरपालिकाको गत कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयन कार्यान्वयन अवस्था सन्तोष जनक रहेको साथै बाँकी निर्णयहरू कार्यान्वयन गर्दै लैजाने।

२. यस नगरपालिकाको चालू आर्थिक वर्ष २०८२।०८३ को वडा नं. ५ को छ्याङ्खोला खानेपानी शहिद पार्कसम्म व्यवस्थापन योजनाको अनुगमन गर्दा स्वीकृत लागत अनुमान भन्दा फरक कार्य गरेको प्रतिवेदन पेस गरेको हुनाले उक्त योजनाको निरीक्षण गरी प्रतिवेदन पेस गर्न तपसिल बमोजिमको निरीक्षण समिति गठन गर्ने।

तपसिलः

क.सं.	पदाधिकारीको नाम	पद	
१	श्री गुणराज खत्री	आ.ले.प. अधिकृत	संयोजक
२	श्री अलेख कटुवाल	इन्जिनियर	सदस्य

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

२०८२।०२।१३

पदमप्रसाद बलगाई
प्रमुख प्रशासकीय अधिकृत

"समृद्ध खाँदबारी नगर"

खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल

नगर कार्यपालिकाको बैठक

बैठक सङ्ख्याःं७३-०८२।०८३
बैठक मितिःं२०८३।०३।२३ बिहान ८:०० बजे
स्थानः खाँदबारी नगरपालिकाको सभा हल

३	श्री एलिसा कार्की	सब-इन्जिनियर	सदस्य

३. यस नगरपालिकाका तपसिल बमोजिमका सवारी साधनहरूको मर्मत बापतको रकम भुक्तानी अनुमोदन गर्ने।

तपसिलः

क.सं.	सवारी साधन नं.	सवारी साधनको नाम	भुक्तानी रकम रु. (मु.अ.क. बाहेक)
१	को १ झ ४८९	सवबाहन	३८७३९०
२	को १ झ ५६१	बोलेरो (उपप्रमुख)	२५९९५६
३	को १ ग ९९	दमकल	२५३६१७

४. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ (४) बमोजिम तह वृद्धिका लागि सिफारिस गर्न प्रत्येक स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा कार्यपालिकाले तोकेको एक जना महिला सहित दुई जना वरिष्ठ कर्मचारी रहेको तह वृद्धि सिफारिस समिति रहने प्रावधान अनुसार तपसिलको तह वृद्धि सिफारिस समिति गठन गर्ने।

तपसिलः

क.सं.	कर्मचारीको नाम	पद	
१	श्री पदम प्रसाद बजगाईं	प्रमुख प्रशासकीय अधिकृत	अध्यक्ष
२	श्री लवहाङ राई	प्रशासकीय अधिकृत	सदस्य
३	श्री तनुजा लामा	जनस्वास्थ्य निरीक्षक	सदस्य

५.स्थानीय पूर्वाधार विभाग अन्तर्गत स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय, इटहरी मार्फत कार्यान्वयन हुने क्र.सं ३१९० LMBIS Code ११.४.१.४९८५ सङ्खुवासभा जिल्लाको खाँदबारी-बडरेनी- सभाखोला- लिङलिङ- वाना- बिहिबारे- चैनपुर सडकमा विनियोजित ५ करोडको कार्यान्वयनका लागि सोही सडक खण्डको खाँदबारी नगरपालिका क्षेत्रमा पर्ने गडबडे घुम्ति देखि दोकान घर मुनि

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

२०८३।०३।२४

बद्रीप्रसाद बजगाईं
प्रमुख प्रशासकीय अधिकृत

"समृद्ध खाँदबारी नगर"

खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल

नगर कार्यपालिकाको बैठक

बैठक सङ्ख्याः७३-०८२।०८३
बैठक मितिः२०८३।०३।२३ बिहान ८:०० बजे
स्थानः खाँदबारी नगरपालिकाको सभा हल

नेर्पाली चोक (Chainage 1+230 to chainage 3+290) मा कार्यान्वयन गर्नका लागि स्थानीय पूर्वाधार विकास आयोजना, इटहरी कार्यालयलाई सिफारिस गर्ने।

६.सघन शहरी तथा भवन निर्माण आयोजना, धनकुटा मार्फत कार्यान्वयन हुने क्र.सं १४४९ LMBIS Code ११.४.२२.१ ८०२० सङ्खुवासभा जिल्ला स्थित खाँदबारी नगरपालिकामा शहरी सडक स्तरोन्नती, मर्मत सुधार तथा सडक सुरक्षा कार्यक्रममा विनियोजित १ करोड ५० लाखको कार्यान्वयनका लागि खाँदबारी नगरपालिका क्षेत्रमा पर्ने झण्डा चोक भेडेटार देखि कटुवाल चोक हुँदै जि.वि.स. गेटसम्मको सडक स्तरोन्नती गर्नका लागि सघन शहरी तथा भवन निर्माण आयोजना, धनकुटालाई सिफारिस गर्ने।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) विनियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

२०८३।०३।२४

पदमप्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत